# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०७६/०९/१५ गते

## भाग-२

# शुक्लाफाँटा नगरपालिका

## श्रेणी विहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड, २०७६

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिका वा अन्तगर्तका वडा कार्यालय र निकायहरुमा दैनिक कार्य संचालनका लागि अति आवश्यक श्रेणीविहिन कर्मचारी सवारी चालक,

कार्यालय सहयोगी तथा विल्डिङ इलेक्ट्रीसियन पदमा करार सेवामा कर्मचारी भर्ना गरि कार्य संचालन गर्ने प्रयोजनका लागि शुक्लाफाँटा नगरपालिका, नगर कार्यपालिकाले यो मापदण्ड स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस मापदण्डको नाम "श्रेणीविहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड, २०७६ " रहेको छ ।

(ख) यो मापदण्ड तुरुन्त लागु हुने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "**सवारी चालक**" भन्नाले हलुका सवारी चालक, भारी सवारी चालक, एम्बुलेन्स चालक र व्याकहोलोडर चालकलाई बुझाउने छ ।

(ख) "**कार्यालय सहयोगी**" भन्नाले नगरपालिका र नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु, अन्य विषयगत कार्यालयहरु, शाखा, इकाईमा रहने कार्यालय सहयोगीको काम गर्ने व्यक्तिलाई बुझाउने छ ।

(ग) "**विल्डिङ इलेक्ट्रीसियन**" भन्नाले नगरपालिका र नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु, अन्य विषयगत कार्यालयहरु, शाखा, इकाई भवनहरुमा विद्युत सप्लाई सम्बन्धि काम गर्ने व्यक्तिलाई बुझाउने छ ।

(घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत र निजको अनुपस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने कर्मचारीलाई समेत बुझाउने छ ।

(ङ) "**पदपुर्ति समिति**" भन्नाले दफा ७ बमोजिमको पदपुर्ति समितिलाई बुझाउने छ ।

(च) "**नगरपालिका**" शुक्लाफाँटा नगरपालिकालाई बुझाउने छ ।

(छ) "**वडा कार्यालय**" भन्नाले शुक्लाफाँटा नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई बुझाउने छ ।

(ज) "**अन्तर्गत निकाय**" भन्नाले कृषि, शिक्षा, स्वास्थ्य, पशुसेवा जस्ता यस नगरपालिका अन्तर्गतका निकायहरुलाई जनाउने छ ।

(झ) “**जनशक्ति**” भन्नाले सवारी चालक, कार्यालय सहयोगी, विल्डिङ इलेक्ट्रीसियन पदलाई बुझाउने छ ।

(ञ) “**मापदण्ड**” भन्नाले “श्रेणीविहिन जनशक्ति छनौट सम्बन्धि मापदण्ड, २०७६ लाई बुझाउने छ ।

(ट) ..........................*

## परिच्छेद २

## श्रेणीविहिन कर्मचारीको पदपुर्ति

३. करार पदपुर्ति : नगरपालिका, वडा कार्यालय र अन्तर्गत निकायमा रहने रिक्त सवारीचालक, कार्यालय सहयोगी र विल्डिङ इलेक्ट्रीसियनका पदहरुमा अवश्यकता अनुसार प्रतिस्प्रधात्मक प्रतियोगिताद्वारा कर्मचारी छनौट गरि पदपुर्ति गरिने छ ।

४. न्युनतम योग्यता : करार सेवामा लिइने जनशक्तिका लागि अवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुने छ ।

(१) सवारी चालक पदका लागि,

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) साधारण लेखपढ गर्न जानेको ।

(ग) कार्यानुभव भएको ।

(घ) सम्बन्धित पदका लागि आवश्यक सवारी चालक अनुमति पत्र भएको ।

(ङ) १८ बर्ष पूरा भै ४५& बर्ष ननाघेको ।

(२) कार्यालय सहयोगी पदका लागि,

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) साधारण लेखपढ गर्न जानेको ।

(ग) कार्यानुभव भएको ।

(घ) १८ बर्ष पूरा भै ४५& बर्ष ननाघेको ।

(३) विल्डिङ इलेक्ट्रीसियन पदका लागि,

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) कक्षा १० उत्तिर्ण ।

(ग) कार्यानुभव भएको ।

(घ) सिटिइभिटिबाट मान्यताप्राप्त संस्थाबाट विल्डिङ इलेक्ट्रीसियनमा लेभल १ तह उत्तिर्ण गरेको प्रमाणपत्र ।

(ङ) १८ बर्ष पूरा भै ४५[&] बर्ष ननाघेको ।

## परिच्छेद ३
## छनौट प्रक्रिया

५. दरखास्त आह्वान (१) नगरपालिकाले बढीमा १५ दिनको समय सिमा तोकी पदपुर्ति समितिले निर्धारण गरेको ढाँचामा दरखास्त आह्वान गर्ने छ ।

(२) दरखास्त आह्वानको सूचना नगरपालिकाको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिने छ ।

(३) दरखास्त फाराम सवारी चालक र विल्डिङ इलेक्ट्रीसियनको हकमा रु ५००। र कार्यालय सहयोगीको हकमा रु ३००। नगरपालिकाको राजश्व खातामा जम्मा गरेको भौचर पेश गरेमा नगरपालिकाले उपलब्ध गराउने छ ।

६. प्रतियोगितात्मक जाँचको अंक विभाजन : जनशक्ति छनौटको लागि

(१) सवारी चालक/विल्डिङ इलेक्ट्रीसीयन पदको लागि

(क) स्थानिय वासिन्दा वापत- १० अङ्क

(ख) ..........*

(ग) सीप परिक्षण- १० अङ्क

(घ) अन्तरवार्ता- ३० अङ्क

(२) कार्यालय सहयोगी पदको लागि

(क) स्थानीय वासिन्दा वाफत- १० अङ्क

(ख)..............................*

(ग) अन्तरवार्ता- ३०[&] अङ्क

३) स्थानीय वासिन्दा वापतको १० अङ्क मध्ये शुक्लाफाँटाको बासिन्दालाई १० अङ्क कंचनपुर, जिल्ला वासीलाई ८ अङ्क र सूदुरपश्चिम प्रदेशवासीलाई ५ अङ्क विभाजन गरिनेछ ।

४) ..................*

## परिच्छेद-४

## पदपूर्ति समिति

७. (१) श्रेणी विहिन जनशक्ति छनौट गर्न देहाय बमोजिमको पदपुर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) आर्थीक प्रशासन शाखा प्रमुख-
सदस्य

(ग) प्रशासन शाखा प्रमुख-
सदस्य

(२) पदपुर्ती समितिले आवश्यकता अनुसार सवारी चालक, विल्डिङ ईलेक्ट्रीसीयन र कार्यालय सहयोगी पदको विज्ञापन गरि पदपुर्ति गर्नेछ ।

(३) पदपुर्ति समितिले यस मापदण्ड बमोजिम पदपुर्ती गर्न योग्यता क्रम निर्धारण गरि अन्तिम योग्यता क्रमको सूची प्रकाशन गर्ने छ ।

(४) पदपुर्ति समितिले अन्तिम योग्यता क्रमको सूचिमा परेका उमेद्वारहरु संग करार सम्झौता गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(५) अन्तिम योग्यता क्रम तयार गर्दा वरावर अङ्क आएमा उम्मेदवारहरुको उमेरको ज्येष्ठताका आधारमा क्रम निर्धारण गरिनेछ ।

(६) उपदफा (५) बमोजिम वरावर अङ्क पाउने उम्मेदवारहरु महिला र पुरुष परेमा महिला उम्मेदवारको पहिलो प्राथमिकता निर्धारण गरिनेछ।

(७) श्रेणी विहिन कर्मचारी छनौट गर्दा आवश्यक्ता अनुसार वैकल्पिक सूचि समेत प्रकाशित गर्ने ।

## परिच्छेद ५

## विविध

८. (१) यस मापदण्ड बमोजिम पदपुर्ती गर्दा कानूनी रुपमा वाधा अड्काउ पर्न आएमा सो बाधा अड्काउ फुकाउन नगर प्रमुख समक्ष प्रस्तुत गरि निकासा गराउन सकिनेछ ।

(२) ..............*

(३) शुक्लाफाँटा नगरपालिकामा कार्यरत व्यक्तिको हकमा उमेरको हद लागू हुनेछैन ।

(४) अन्तरवार्ता समितिको काम पदपुर्ति समितिले गर्नेछ ।

*प्रथम संसोधनबाट खारेज

&प्रथम संसोधनबाट थप

**आज्ञाले,**

**विशनसिंह थापा**

**प्रमुख प्रशासकीय अधिकृत**